# गण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भुम्लिचोक, गोरखा
## गण्डकी प्रदेश, नेपाल

**नदिजन्य वालुवा,गिट्टी, ढुंगा रोडा र ग्राभेलको उत्खनन/संकलन गर्ने ठेक्का बन्दोवस्ती सम्बन्धि ३० (तिस) दिने शिलबन्दी बोलपत्र आह्वानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७५/७/२० गते**

यस गण्डकी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आ.व.०७५/०७६ को लागी नदिजन्य वालुवा गिट्टी ढुंगा रोडा र ग्रावेलको उत्खनन संकलन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र , मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र , कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरि निम्न शर्तहरुका अधिनमा रहि शिलबन्दी बोलपत्र खरिद गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना यस कार्यालयको वेव साईट www.gandakimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु**

१. बोलपत्र फारम यस कार्यालयबाट रु ५०००।- नगदै दाखिला गरि (पछि फिर्ता नहुने) यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम फर्म वा कम्पनीले आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ (पाँच) प्रतिशत धरौटी रकम नगदै वा श्री राष्ट्रिय वाणिज्य बैंक ,गोरखा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ३०६०३०३००७१०५ मा दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND ) संलग्न गरि ३१ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा रित पुर्वक सहि छाप तथा शिलबन्दी गरि बोलपत्र दाता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २ बजे सरकारी कार्यालय र बोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र दाता/प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र दाताले पेश गरेको बोलपत्र फिर्ता वा संसोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनुभन्दा चौविस घण्टा अगाडी फिर्ता वा संसोधन गर्न सकिने छ ।

४. **ठेक्का अवधि** :- सम्झौता भई चलन पूर्जी दिएको दिन देखी २०७६ जेष्ठ ३० गते सम्मको हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरि उल्लेख भएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले १५ (दिन) भित्र नियमानुसार आय कर/मु.अ कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिने छ र दोश्रो बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : बोलपत्र आवहान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. ठेकेदारले आफुले कबोल गरेको कुल रकम दुई किस्तामा बुझाउनुपर्ने छ ।पहिलो किस्ता आफुले कबोल गरेको कुल ठेक्का रकमको ६० ( साठी ) प्रतिशत रकम सम्झौता गर्ने समयमानै बुझाउनुपर्ने छ । त्यस पछिको बाँकी रकम २०७५ साल माघ मसान्त भित्र बुझाउनु पर्नेछ । सम्झौता गर्न आउदा बोलपत्र दाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बैंक जमानत पत्र पेश गरेपछी स्थाई चलन पुर्जी दिईनेछ ।

८. ठेकेदारले नियमानुसार तोकिएको दरमा मूल्य अभिबृद्धि कर थप गरि सङ्कलन गर्ने छ । उक्त मुल्य अभिबृद्धि कर ठेकेदारले आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तह लाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर दस्तुर , शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धीत कार्यालयमा बुझाउनुपर्ने छ । ठेक्का रकम बाट कटाउन तथा घटाउन पाईने छैन ।

९. बन्द हडताल , चक्का जाम , लगायत अन्य मानव शिर्जित कारण बाट शिर्जना हुने अवस्थाको कारण छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

१० . शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति वाला, रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्ने छ ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत हुनेछ । बोलपत्र पेश गर्दा बोलपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ । साथै रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. चलन पुर्जीमा उल्लेख भएका माल , बस्तु र दररेटको प्रतिकुल हुनेगरि संकलन उत्खनन गर्न पाईने छैन ।

१३. सम्मानित अदालत नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निति , निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुने छ । निति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपुर्तिको दायित्व ठेकेदारले गाउँपालिका संग दावी गर्न पाउने छैन ।

१४. वालुवा ,ढुंगा ,रोडा ग्राभेल र गिट्टीका सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरिय अनुगमन तथा गाउँपालिकाको कार्यालय ,भुम्लिचोक बाट निर्देशन भए बमोजिम हुनेछ ।

१५. नेपाल सरकार बाट  बन्देज लगाएको अवधिमा खोला बाट नदि जन्य पदार्थ झिक्न पाईने छैन । झिकेमा कानुन बमोजिम कारवाही हुनेछ । साथै सडक पुलको तलमाथि ५०० मिटर ,  वन क्षेत्र , वस्ती क्षेत्र तथा कानुनले निषेध गरेको क्षेत्रवाट उत्खनन्  गर्न पाइनेछैन र दैनिक उत्खनन्को सिफारिस परिमाण बमोजिमनै माल उठाउन पर्ने छ । प्रत्येक नदिबाट दैनिक उठाउने परिमाण रिपोर्टमा  उल्लेख छ ।
१६. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।
१७. जिल्ला समन्वय समिति, गोरखाबाट २०७५/७/१९ मा स्वीकृत IEE Report ले उल्लेख  गरेको क्षेत्र (लम्वाई/चौडाई र उचाई )लाई अनिवार्य पालना गर्नुपर्नेछ । तोकेको परिमाण र IEE Report प्रतिकुल भएमा कानुन बमोजिम कारवाही गरिने छ । पालना गर्नुपर्ने कुरा IEE Report मा उल्लेख छ ।

| क.सं | ठेक्काको किसिम | उत्खनन् गर्ने नदिहरुको नाम | उठाउन पाउने परिमाण अधिकतम | प्रति घ.मि. दर रु | न्युनतम ठेक्का रकम रु | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी बोलपत्र फारम दाखिला गर्ने मिति र समय | शिलबन्दी बोलपत्र फारम खोल्ने मिति र समय | शिलबन्दी बोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ठेक्का प्यकेज १. आ.व ०७५/०७६ | वोलपत्र | खुदिटार घाट | १०४५० घ.मि | ११९.९५ | ७८७१९५८।६५ | ५००० | ३० औ दिन कार्यालय समय सम्म | ३१ औ दिन दिनको १२ वजे सम्म | ३१ औ दिन दिनको २ वजे | गण्डकी गाउँपालिका भुम्लिचोक गोरखा । |
| | | दर्वुङ घाट | १५४१९ घ.मि | | | | | | | |
| | | छोटेटार घाट | १०७४७ घ.मि. | | | | | | | |
| | | चालिसे घाट | २५९३ घ.मि | | | | | | | |
| | | सिउरेनिटार घाट | २६४१८ घ.मि. | | | | | | | |
| ठेक्का प्यकेज २. आ.व ०७५/०७६ | वोलपत्र | अमटे घाट | १५४९२ घ.मि | ११९.९५ | ७७४१२१३।१५ | ५००० | ३० औ दिन कार्यालय समय सम्म | ३१ औ दिन दिनको १२ वजे सम्म | ३१ औ दिन दिनको २ वजे | गण्डकी गाउँपालिका भुम्लिचोक गोरखा । |
| | | बरखे/लामो वगर घाट | १७९६२ घ.मि. | | | | | | | |
| | | वादरे घाट | ६२३४ घ.मि. | | | | | | | |
| | | इटार घाट | ७१८८ घ.मि | | | | | | | |
| | | गोर्दी/ज्यमिरे घाट | ७२०८ घ.मि | | | | | | | |
| | | वुट्टार घाट | १०४५३ घ.मि | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका